# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ असार १४ गते

### दोस्रो चरणको स्थानीय तहको निर्वाचन अनुगमन सम्पन्न

स्थानीय तहको दोस्रो चरणको निर्वाचनको दिन, असार १४ गते बुधबार, राष्ट्रिय मानव अधिकार आयोगले मतदान प्रक्रियाको अनुगमन गरेको छ । स्थानीय तहको निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणको सुनिश्चितताका लागि आयोगका माननीय सदस्य सहितको ३ वटा उच्चस्तरीय अनुगमन टोली एवं सचिवलगायत कर्मचारीहरू सम्मिलित ३५ वटा जिल्लामा ३६ वटा अनुगमन टोली खटिएको थियो ।

अनुगमन टोलीले मानव अधिकारको दृष्टिकोणबाट समग्र मतदान प्रक्रियाको अनुगमन गरेको छ । अनुगमनको क्रममा प्राप्त जानकारी अनुसार रोल्पा जिल्लाको रोल्पा नगरपालिकास्थित मतदान केन्द्रमा मतपेटिकामा आगलागी भएको तथा बझाङ, बाजुरा, अछाम, प्यूठान लगायतका जिल्लामा राजनीतिक दलका कार्यकताबीच सामान्य झडप हुँदा केही समय मतदान स्थगित भएपनि पुनः मतदान सुचारू भएको थियो । त्यसैगरी कञ्चनपुर, दाङ, बैतडी, बाजुरा, इलाम लगायतका जिल्लामा बम फेला परको तथा बम विष्फोट भएपनि कुनै मानवीय क्षति नभएको र मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइएको छ ।

समग्रमा मतदान प्रक्रिया अत्यन्त उत्साहपूर्ण तथा शान्तिपूर्ण रूपले सम्पन्न भएको छ । ज्येष्ठ नागरिक, सुत्केरी, बिरामी, अपाङ्गता भएका व्यक्तिहरूको उल्लेख्य सहभागिताका साथै धेरै मतदाताहरु झरी तथा बाढीको सामना गरेरै भएपनि मत खसाल्न मतदान केन्द्रमा पुगेको पाइएको छ । कतिपय मतदान स्थलहरूमा खानेपानी, शौचालयको व्यवस्था नभएको, ज्येष्ठ नागरिकहरूलाई सहजरुपमा मतदान गर्न सक्ने व्यवस्था भएको पाइएन । अनुगमनको क्रममा केही स्थानमा सुरक्षाकर्मीको व्यवहार मानव अधिकार मैत्री भएको पाइएन । यसबाहेक मतदानमा महिलाहरूको सहभागिता पनि उल्लेख्य रहेको पाइएको छ । सुरक्षाको दृष्टिले अति संवेदनशील रहेका भनिएका तराइका सुनसरी, मोरङ, नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, लगायतका जिल्लाहरूमा पनि उत्साहपूर्ण र शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ ।

अनुगमनको क्रममा वर्षात्को समयका कारण मतदाताहरूले विभिन्न समस्या भोग्नु परेकोले निर्वाचनको लागि उपयूक्त समयको छनौट तथा मतदान केन्द्रको सुव्यवस्थापन, जस्ता विषयहरूमा उल्लेख्य सुधार गर्नुपर्ने पाइएको हुँदा आगामी निर्वाचनमा सो अनुरूप कार्य गर्न, गराउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

..................
मोहना अन्सारी
सदस्य/प्रवक्ता